JuRI-Nepal **JuRI-Nepal** न्याय तथा अधिकार संस्था–नेपाल
Justice and Rights Institute–Nepal

Serving Differently / फरक तरिकाले सेवारत

मिति : १४ चैत्र, २०७६

## नोभल कोरोना भाईरसबाट श्रृजित परिणामको सम्बोधनका लागि जुरी-नेपालको अनुरोध ।

विश्वका अधिकांश मुलुकमा फैलिएको नोभल कोरोना भाइरसको कारण विश्व स्वास्थ्य संगठनले ११ मार्च, २०१९ मा विश्वव्यापी महामारी **(Pandemic)** को रुपमा घोषणा गरेको सबैमा बिदितै छ । नोभल कोरोना भाईरसका कारण हालसम्म नेपालभित्र चारजना नेपाली नागरिक प्रभावित हुनुका साथै आम जनमानसमा यसले त्रास र भयको वातावरण श्रृजना गरेको छ । यसबाट कसरी जोगिन सकिन्छ भन्ने विषयमा विश्वका विभिन्न देशहरुले यसको रोकथाम र नियन्त्रणका लागि बिभिन्न प्रयास गरेका विषयहरु सार्वजनिक भइरहेका छन् । यसबाट श्रृजित सम्भावित जोखिमलाई मध्यनजर गरी नेपाल सरकारको तर्फबाट समेत माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखेलज्यूको संयोजकत्वमा **नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समिति गठन** गरी सरकारको तर्फबाट बिभिन्न प्रयासहरु भएकोमा सोको सह्राहना तथा उच्च मूल्यांकन गर्दै यस कठीन परिस्थितिमा सबैले सरकारले जारी गरेको आदेश तथा सूचनाको पालना गर्न र  संयमता अपनाउन जुरी-नेपाल सबैमा हार्दिक अनुरोध गर्दछ । साथै यस कठीन अवस्थामा देहायका विषयमा थप पहलका लागि सरकारको ध्यानाकर्षण गर्न चाहन्छौं।

१. कम्तिमा सातवटै प्रदेशमा कोरोना भाइरस परीक्षण केन्द्रलाई विस्तारका लागि संघ तथा प्रदेश सरकारबाट अविलम्ब पहल हुन ।

२. संघीय तथा प्रादेशिक सरकारका अतिरिक्त सबै स्थानीय तहमा सम्भावित संक्रमित तथा विरामी राख्नका लागि उयपुक्त आइसोलेशन बेडको व्यवस्थाका लागि तत्काल आवश्यक पहल हुन ।

३. कोरोना भाइरस भए नभएको विषयमा जाँच गर्नका लागि परीक्षणको शुल्क नलाग्ने व्यवस्थाको साथै सर्वसाधारणसम्म उक्त सूचना र सोको सेवाको पहुँचका लागि सबै स्थानीय तहसम्म संयन्त्र खडा गर्नुहुन ।

४. तथ्यपरक सूचना पारदर्शिरुपमा सर्वसाधारणसम्म पुर्‍याउने व्यवस्थाका लागि आवश्यक पहल गर्नुहुन ।

५. नोभल कोरोना भाइरसबाट जोगिन आवश्यक पर्ने सामाग्री (मास्क, सेनीटाइजर र अन्य वैकल्पिक साधन) तथा औषधि तथा खाद्यान्नको कृतिम अभाव खडा गर्ने व्यक्ति वा निकायलाई कानूनको दायरामा ल्याउनको  लागि सबै जिल्ला तथा स्थानीय तहमा अनुगमनलाई प्रभावकारी बनाउनुहुन ।

६. विशेषगरी आर्थिक रुपमा विपन्न व्यक्तिहरु यस्तो  अवस्थामा खाद्य जोखिममा पर्ने भएकोले सबै स्थानीय सरकारमार्फत त्यस्ता व्यक्तिको पहिचान गरी तत्काल राहतका प्याकेजहरुको व्यवस्था गरी सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुहुन ।

७. महिला, किशोरी तथा बालिकाहरु यौनजन्य हिंसामा पर्नसक्ने अवस्थाको आंकलन गर्दै उनिहरुलाई स्वास्थ्य परिक्षण, उपचार तथा आइसोलेशन अवधिभर विशेष संरक्षण र सुरक्षाको प्रवन्ध गर्नुहुन ।

८. कोरोना भाइरस रोगथामका लागि प्रत्यक्षरुपमा संलग्न हुने चिकित्सक, कर्मचारी र सुरक्षाकर्मीलाई उक्त रोगबाट  बच्न आवश्यक पर्ने सामाग्री तथा उपकरणकासाथै उनिहरुको मनोवल उच्च राख्ने कार्यलाई  समेत प्राथमिकता दिनुहुन ।

अविभेद, समानता तथा पारदर्शिताजस्ता सिद्धान्तको आधारमा कोरोना भाइरसको रोकथाम तथा उपचार सम्पन्न गर्न र कोरोना भाइरसको response को प्रकृयामा सवै सम्बन्धित सरोकारवालाहरुसंगको सहकार्य सुनिश्चित गर्न र यस संकटको घडीमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सामाजिक संघसस्था, व्यावशायिक तथा नीजि क्षेत्र लगाएत सबैलाई आपतकालिन अवस्थामा मानवीय सहयोगमा जुटन सबैमा हार्दिक अपील गर्दछौ ।

साथै यस जटील परिस्थितिमा जुरी- नेपालले पनि आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरेको छ । उक्त सहयोग रकम यथासक्य छिटो उपलव्ध गराइने व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

रुक्मणी महर्जन
महासचिव

Address: Lalitpur Metropolitan City, Ward No. 10, Jwagal, Lalitpur P.O. Box: 4138, Kathmandu, Nepal
ठेगानाः ललितपुर महानगरपालिका, वडा नं. १०, ज्वागल, ललितपुर पो.ब.नं. ४१३८, काठमाडौं, नेपाल
Tel/Fax: +977-1-5538910/5538909, Email: info@jurinepal.org.np, jurinepal@gmail.com, Web: www.jurinepal.org.np